**बैठक संख्याः २०८०/८१-७**

आज मिति २०८०/०९/०५ गते विहीबारको दिन बिहान ८ वजे सिद्ध कुमाख गाउँ कार्यपालिकाको ७ औं बैठक सिद्ध कुमाख गाउँपालिकाको अध्यक्ष श्री भरत गिरी ज्यूको अध्यक्षतामा सिद्ध कुमाख गाउँपालिकाको बैठकहलमा देहायको सदस्य तथा व्यक्तिहरुको उपस्थितिमा बसी देहाय बमोजिमको प्रस्ताव उपर छलफल गरि तपशिलका निर्णयहरु गरियो ।

<u>उपस्थितिः</u>

| सि.न. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री भरत गिरी | अध्यक्ष | |
| २ | श्री राम बहादुर वस्नेत | उपाध्यक्ष | |
| ३ | श्री डिल्ली खड्का | प्रमुख प्रशासकीय अधिकृत | |
| ४ | श्री रमेश चलाउने | वडाध्यक्ष, १ नं वडा | |
| ५ | श्री मेक बहादुर बुढाथोकी | वडाध्यक्ष, २ नं वडा | |
| ६ | श्री जिवराज बोहरा | वडाध्यक्ष, ३ नं वडा | |
| ७ | श्री खर्कविर रोका | वडाध्यक्ष, ४ नं वडा | |
| ८ | श्री चुडामणी रेउले | वडाध्यक्ष, ५ नं वडा | |
| ९ | श्री बुदी कुवर | कार्यपालिका सदस्य | |
| १० | श्री आशा परियार | कार्यपालिका सदस्य | |
| ११ | श्री करुणा राना बस्नेत | कार्यपालिका सदस्य | |
| १२ | श्री मनि सार्की | कार्यपालिका सदस्य | |
| १३ | श्री केशर परियार | कार्यपालिका सदस्य | |
| १४ | श्री भिम बहादुर विक | कार्यपालिका सदस्य | |

<u>अन्य उपस्थितिः</u>

१. श्री राजेश बोहरा — अधिकृत छैठौं

२. श्री चन्द्रा देवकोटा — स म वि नि

सिद्ध कुमाख गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

ढोरचौर, सल्यान
कर्णाली प्रदेश, नेपाल

प.स.२०८०।८१
च.न.

**मिति २०८०/०९/०५ गते बस्ने कार्यपालिकाको बैठकमा अध्यक्ष द्वारा प्रस्तवित एजेण्डा :**

१. अघिल्लो बैठकको समिक्षा सम्वन्धमा ।
२. वडा नं ४ को भवन सम्पन्न पश्चात बचत रकमबाट अन्य संरचना निर्माण सम्बन्धमा
३. वडा नं २ को भवन सम्पन्न पश्चात बचत रकमबाट अन्य संरचना निर्माण सम्बन्धमा
४. संघिय समपुरक अनुदान योजना माग सम्बन्धमा ।
५. संघिय विशेष अनुदान योजना माग सम्बन्धमा ।
६. सुस्वा सम्बन्धि योजना छनौट तथा प्राथमिकरण सम्बन्धमा ।
७. अध्यक्ष कप संचालनमा अपुग रकम खर्च भुक्तानी सम्बन्धमा ।
८. बिशेष अनुदानको मेलचौर खानेपानी योजना संशोधन सम्बन्धमा ।
९. माविहरुमा विद्युतिय हाजिरी खरिद तथा संचालन सम्बन्धमा ।
१०. विद्यालयको आन्तरिक र बाह्यय परीक्षा संचालन खर्च सम्बन्धमा ।
११. शान्ति आवि कागखोलाको जग्गा भोग चलन सम्बन्धमा ।
१२. करार कर्मचारी भर्ना सम्बन्धि विज्ञापनको परीक्षा संचालन सम्बन्धमा ।
१३. सहायक कम्प्युटर अपरेटर भर्ना सम्बन्धमा ।
१४. आर्थिक सहायता सम्बन्धमा ।
१५. आगामी हिउदे गाउँ सभा सम्बन्धमा ।
१६. विज्ञापन कर सम्बन्धि प्रस्ताव स्वीकृति सम्बन्धमा ।
१७. विविध सम्वन्धमा ।

**निर्णय नं १:**

यस अघि मिति २०८०/०८/०६ गते बसेको गाउँ कार्यपालिकाको छैठौं बैठकका पारित निर्णयहरु कार्यान्वयन भए/नभएको भन्ने सम्बन्धमा व्यापक छलफल तथा समिक्षा गरियो ।

**निर्णय नं २:**

वडा नं ४ को प्रशासनिक भवन निर्माणका लागि भएको क्रमगत ठेक्का प्रकृया अनुसार भवन निर्माण कार्य सम्पन्न भइ सकेको सन्दर्भमा उक्त योजनाबाट बचत रकम गाउँपालिकाको आन्तरिक श्रोतको रकम भएकोले बचत रकमबाट श्रोत बेहोर्ने गरि उक्त भवन संचालनका लागि आवश्यक अन्य संरचना दरभापत्र विधिको प्रकृयाबाट रु १० लाख बरावर लागत अनुमानको निर्माण कार्य गर्ने निर्णय गरियो ।

**निर्णय नं ३**

वडा नं २ को प्रशासनिक भवन निर्माणका लागि भएको क्रमगत ठेक्का प्रकृया अनुसार भवन निर्माण कार्य सम्पन्न भइ सकेको सन्दर्भमा उक्त योजनाबाट बचत रकम गाउँपालिकाको आन्तरिक श्रोतको रकम भएकोले बचत रकमबाट श्रोत बेहोर्ने गरि उक्त भवन संचालनका लागि आवश्यक अन्य संरचना दरभापत्र विधिको प्रकृयाबाट रु १० लाख बरावर लागत अनुमानको निर्माण कार्य गर्ने निर्णय गरियो ।

**निर्णय नं ४:**

राष्ट्रिय योजना आयोगको मिति २०८०।०८।३० गते प्रकाशित सुचना अनुसार आगामी आव २०८१।८२ का लागि कार्यान्वयन हुने संघिय समपुरक अनुदानका देहायको योजना तथा कार्यक्रमहरुको प्रस्ताव माग गरि पठाउने निर्णय गरियो ।

| **क्र. सं.** | **योजना/ कार्यक्रम** | **गाउँपालिकाको लागत प्रस्तावित रुकम** | **संघिय सरकारको लागत प्रस्तावित रकम** |
|---|---|---|---|
| १ | ढोरचौर-फलाटे सडक स्तरोन्नती तथा कालोपत्रे वडा नं ३ | १ करोड | १ करोड |
| २ | उलाल्ने-खार्वन-सागिने सडक स्तरोन्नती वडा नं ४ | ५० लाख | ५० लाख |
| ३ | सहकारी-झारगाँउ-माझखर्क सडक स्तरोन्नती वडा नं ३ र ५ | ५० लाख | ५० लाख |

**निर्णय नं ५:**

राष्ट्रिय योजना आयोगको मिति २०८०।०८।३० गते प्रकाशित सुचना अनुसार आगामी आव २०८१।८२ का लागि कार्यान्वयन हुने संघिय बिशेष अनुदानका देहायको योजना तथा कार्यक्रमहरुको प्रस्ताव माग गरि पठाउने निर्णय गरियो ।

| **क्र. सं.** | **योजना/ कार्यक्रम** | **संघिय सरकारको लागत प्रस्ताव रकम** |
|---|---|---|
| १ | नेरा मावि छापडाँडा भवन निर्माण वडा नं ५ | ५० लाख |
| २ | महेन्द्र आदर्श मावि बाँझकाँडा भवन निर्माण वडा नं १ | ५० लाख |
| ३ | बेलइती घारी खेल मैदान वडा न १ | १ करोड |

**निर्णय नं ६:**

नेपाल सरकार, फिनल्याण्ड सरकार, युरोपियन युनियन र यस गाउँपालिकाको संयुक्त लगानीमा सञ्चालित सबैका लागि दिगो खानेपानी, सरसफाइ तथा स्वच्छता (SUSWA) आयोजनाको वार्षिक कार्यक्रम अनुरुपको खानेपानी योजना तर्फ कुल लागतको २२ प्रतिशत रकम सहलगानी गर्ने निर्णय गरियो ।

**निर्णय नं ७:**

सिद्ध कुमाख गाउँपालिकाको खानेपानी, सरसफाइ तथा स्वच्छता (WASH) योजनामा उच्च प्राथमिकतामा परेका खानेपानी योजनाहरुमध्ये आ.व. २०८१/०८२ का लागि सुस्वा आयोजना अन्तरगत कार्यान्वयन हुने गरि निम्न बमोजिमका साना तथा ठुला मर्मत र पूनःस्थापनाका खानेपानी योजनाहरु छनौट तथा प्राथमिकिकरण गर्ने निर्णय गरियो ।

| क्र.सं. | योजनाको नाम | वडा नं. | अनुमानित घरधुरी | अनुमानित लागत | कैफियत |
|---|---|---|---|---|---|
| १ | ज्यामिरे खानेपानी योजना | १ | ५५ | ४४००००० | |
| २ | उल्लेरी कोटबडा कट्टरकारे खानेपानी योजना | ४ | ८० | ४२००००० | |
| ३ | राँगुमारे खानेपानी योजना | ५ | ५० | २५००००० | |
| ४ | मोखला बजार खानेपानी | १ | ४५ | २५००००० | |

| | | | | | |
|---|---|---|---|---|---|
| | योजना | | | | |
| ५ | डाँडाकटेरी पल्लो दलित टोल खानेपानी योजना | ३ | ५५ | १५००००० | |
| ६ | डाँडाकटेरी परिगाउँ धाराटाकुरा टोल खानेपानी योजना | ३ | ४० | २०००००० | |
| ७ | जुगेपानी खानेपानी योजना | २ | १५० | ५०००००० | |

**निर्णय नं ८:**

सिद्ध कुमाख गाउँपालिकाको खानेपानी, सरसफाइ तथा स्वच्छता (WASH) योजनामा प्राथमिकतामा परेका विद्यालय शौचालय योजनाहरुमध्ये निम्न बमोजिमका योजनाहरु सुस्वा आयोजना अन्तरगत कार्यान्वयन गर्ने गरी छनौट तथा प्राथमिकिकरण गर्ने निर्णय गरियो ।

| क्र.सं. | विद्यालय/योजनाको नाम | वडा नं. | कैफियत |
|---|---|---|---|
| १ | श्री महेन्द्र आदर्श माध्यमिक विद्यालय | १ | |
| २ | श्री शान्तिसुन्दर माध्यमिक विद्यालय | ४ | |
| ३ | हिमालय आधारभुत विद्यालय | ५ | |
| ४ | श्री सिद्ध माध्यमिक विद्यालय | २ | |
| ५ | श्री निराजन माध्यमिक विद्यालय | ३ | |

**निर्णय नं ९:**

मिति २०८०।०८।०७ देखि २०८०।०८।०९ सम्म गाउँपालिकाको आयोजनामा संचालन भएको चौथो अध्यक्ष कप खेलकुद प्रतियोगिता संचालनका लागि विनियोजन भएको रकम द्धारा गाउँपालिका तर्फको  र वडा नं ४ र ५ मा विनियोजित बजेट प्रतियोगिता कार्यान्वयनका क्रममा रु ७० हजार रकम अपुग भएकोले उक्त अपुग भएको रकम रु ७० हजार गाउँपालिकाको विविध खर्च शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं १०:**

सिद्ध कुमाख गाउँपालिकाको चालु आव २०८०।८१ को बजेट तथा कार्यक्रम अनुसार नेपाल सरकारको संघिय बिशेष अनुदान तर्फ मेलचौर खानेपानी योजना वडा नं ४ शिर्षकमा रु ५० लाख बजेट विनियोजन भई आएकोमा वडा नं ४ को मेलचौर खानेपानी लक्षित क्षेत्रमा  प्रदेश सरकारबाट बृहत खानेपानी योजना रु १८ करोड स्वीकृत भइ निर्माण प्रारम्भ समेत भइ सकेको सन्दर्भमा उक्त स्थानमा योजना कार्यान्वयन गर्न दोहरोपन पर्न जाने देखिएको हुदा सो योजना संशोधन गरि **शारदा लिफ्ट खानेपानी योजना निर्माण वडा नं १** रु ५० लाख कायम गर्न अनुरोध गरि राष्ट्रिय योजना आयोग र अर्थ मन्त्रालयमा लेखी पठाउने निर्णय गरियो ।

**निर्णय नं ११:**

सिद्ध कुमाख गाउँपालिकाका ६ वटा माध्यमिक विद्यालयहरुमा विद्युतिय हाजिर संचालन गरि गाउँपालिकाकामा रहेको गाउँपालिकामा रहेको विद्युतिय हाजिरी व्यवस्थापन सफ्टवेरमा आबद्ध गर्नु पर्ने भएकोले ६ वटा विद्युतिय हाजिरी मेशिन गाउँपालिकाको कार्यालयका लागि मेशिनरी तथा औजार शिर्षकबाट खरिद गरि सम्बन्धित विद्यालयलाई हस्ताण्तरण गर्ने निर्णय गरियो ।

**निर्णय नं १२:**

गाउँपालिका अन्तर्गत आवश्यकता महसुस गरि विभिन्न समयमा कर्मचारी पदपुर्ति सम्बन्धि भएका विज्ञापनका परीक्षाहरु यथासक्य छिटो संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं १३:**

गाउँपालिका अन्तर्गतका सबै सामुदायिक विद्यालयहरुमा विभिन्न प्रयोजनमा विद्यार्थीहरुबाट शुल्क उठाउने चलनको अन्त्य गरि निशुल्क शिक्षाको प्रत्याभुति गर्न कक्षा ४ देखि १० सम्मको आन्तरिक तथा बाह्यय मुल्याङकन परीक्षा संचालन खर्चका रुपमा भएको प्रश्नपत्र निर्माण छपाई उत्तरपुस्तिका खरिद लगायतकाको खर्च गाउँपालिकाको चालु तर्फको उपयुक्त शिर्षकबाट भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं १४:**

सिद्ध कुमाख गाउँपालका शान्ति आधारभुत विद्यालय कागखोलाले स्थापना काल देखि हाल सम्म प्रयोग गर्दै आएको पुर्वमा त्रिबेणी कुमाख सडक पश्चिममा देवीलालाल बुढाथोकीको अवादी जग्गा उत्तरमा कल बहादुर चलाउनेको अवादी जग्गा र दक्षिणमा त्रिबेणी कुमाख सडकको चार किल्ला भित्र पर्ने प्रति ऐलानी जग्गा उक्त विद्यालयले भवन तथा प्राङगणका रुपमा निरन्तर भोग चलन गर्दै आएको व्यहोरा खुलाई विद्यालयलाई सिफारिस दिने निर्णय गरियो ।

**निर्णय नं १५:**

गाउँपालिकाको कार्यबोझको आधारमा कम्प्युटर सम्बन्धि कामकाज गर्ने कर्मचारी आवश्यक देखिएको हुदा सहायक कम्प्युटर अपरेटर एक जनाको मासिक रु १९ हजार सेवा सुविधा पाउने गरि सेवा करारमा पद स्वीकृत गरि भर्ना गर्ने निर्णय गरियो ।

**निर्णय नं १६:**

सिद्ध कुमाख गाउँपालिकाको विभिन्न वडा कार्यालय बाट सिफारिस भै आएका तपशिलका व्यक्ति/संस्थाहरुलाई तपशिल बमोजिमको आर्थिक सहायता दिने निर्णय गरियो ।

| क्र.स. | आर्थिक सहायता पाउने व्यक्तिको नाम थर | ठेगाना | आर्थिक सहायता पाउने कारण | आर्थिक सहायता रकम |
|---|---|---|---|---|
| १ | पञ्च बहादुर कामी | सिद्ध कुमाख गाउँपालिका-१ सल्यान | मृगौलामा पत्थरी सम्बन्धी समस्या | रु १५ हजार मात्र |
| २ | रेबिका परियार | सिद्ध कुमाख गाउँपालिका-४ सल्यान | टाउकोमा गम्भिर चोट लागि सघन उपचार गर्नु पर्ने | रु १५ हजार मात्र |
| ३ | रेमन्त बहादुर बस्नेत | सिद्ध कुमाख गाउँपालिका-१ सल्यान | क्यान्सर सम्बन्धि समस्या | रु १५ हजार |
| ४ | कौशिला बुढाथोकी | सिद्ध कुमाख गाउँपालिका-१ सल्यान | प्रेसरले हानेको | रु १५ हजार |
| ५ | कलावति बुढाथोकी | सिद्ध कुमाख गाउँपालिका-१ सल्यान | टाउकोको माइग्रेशन र अल्सर | रु १५ हजार |

**निर्णय नं १७:**

सिद्ध कुमाख गाउँपालिकाको १४ औं गाउँ सभाको बैठक तथा आव २०८०।८१ को हिउदे अधिबेशन मिति २०८०।०९।२६ गते बिहिबारका दिन बस्ने निर्णय गरियो ।